ढल्केबरकी ललिता महतोले आफू मधेशी समुदायको भए पनि विगत १० वर्षदेखि तीज पर्व मनाउँदै आएको बताउनुभयो। "तीज पर्व पहाडी समुदायको मात्र नभएर समस्त हिन्दुको पर्व हो। महिलाको चाड हो। कुनै भेदभावविना सँगसँगै दर खानेदेखि महिलाहरूसँग सामूहिक नाचगान गर्न पाउँदा निकै रमाइलो लाग्छ," उहाँले भन्नुभयो।

यस्तै विगत पाँच वर्षदेखि तीज मनाउन थाल्नुभएकी मञ्जु साहले केही वर्षयता तीज समावेशी पर्व बन्दै गएको बताउनुभयो। "केही वर्षअघिसम्म पहाडी समुदायका महिलाले मात्र मनाउने गरिएको तीज अहिले मधेशी समुदायका महिलाले पनि मेला भएर शिव कथा सुन्ने गरेका छन्।

भाद्र शुक्ल तृतीयाका दिनमा मनाइने हरितालिका तीज पर्व देवाधिदेव महादेवको पूजा-आराधना गरी श्रद्धा र निष्ठाका साथ देशभरि मनाइएको छ। भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव–पार्वतीको पूजा, उपासना गरेमा पतिको दीर्घायु, पारिवारिक सुख, शान्ति र कल्याण प्राप्ति हुने धार्मिक विश्वास रहिआएको छ।

देशका अन्य ठाउँमा जस्तै पछिल्लो समय मधेश क्षेत्रमा पनि तीजको तामझाम बढ्दै गएको छ। पतिको दीर्घायुको कामना गरी पहाडी समुदायले निष्ठा र आस्थाका साथ मनाउने पर्व अब मधेशी धार्मिक विशेषताबाहेक आपसी सौहार्द बढाई वर्ष दिनको पीडा बिर्सनसमेत तीज पर्वको सामाजिक महत्त्व रहेको बताए।

यसैगरी कल्याणपुर समाचारदाताका अनुसार हरितालिका तीज महिलाहरूले नाजगानसँगै रमाइलो गरी मनाएका छन्। तीजका अवसरमा मूल समारोह समितिले राजविराजमा र अन्य शिवालयमा महिलाहरूले पूजाआजा तथा मनोरञ्जनात्मक कार्यक्रम आयोजना गरे। सो अवसरमा राम्रो नृत्य तथा गीत गाउनेलाई सम्मान पनि गरिएको छ। राजविराज नगरपालिकाको संयोजनमा राजविराजस्थित शिव मन्दिरको प्राङ्गणमा नृत्य महोत्सव आयोजना गरियो।

**नेपाल सरकार**

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## नेपाल इन्टरमोडल यातायात विकास समिति

**चोभार, कीर्तिपुर- ६, काठमाडौं**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति : २०७९/०५/१५**

यस कार्यालयबाट गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम | कबोल रकम रु |
|---|---|---|---|---|
| १ | NITDB/NCB/ C-39 (2078/079) | Supply and Installation of High Mast and Street Light in Birgunj ICP/ICD and Kakarbhitta ICD | Shaurya Engineering Private Limited, Sanepa-2 Lalitpur | 71,10,584.67 (VAT / PS सहित) |
| २ | NITDB/NCB/ C-40 (2078/079) | Maintenance Works in Birgunj ICP | Dynamic Construction, Tarkeshwor-11 | 1,07,95,981.01 (VAT / PS सहित) |
| ३ | NITDB/G/NCB-04 (2078/079) | Procurement of Supply & Delivery of Fire Fighting Truck | Sayapatri Solutions Pvt. Ltd, Baluwatar, Kathmandu | 73,30,000.00 (VAT बाहेक) |

Government of Nepal
Ministry Of Home Affairs'

नेपाल पारवहन तथा गोदाम व्यवस्था क
(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)